नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
# बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र
☎ ०१-५४२१३५९
०१-५४२६२७६
इमेल:sqccnepal@gmail.com
वेभसाइटः www.sqcc.gov.np
हरिहरभवन, ललितपुर।

प.सं. : रजिष्ट्रेसन/२०८३/०८४
च.नं. ३४

मिति: २०८३/४/११

**विषय: बीउ बिजन नियमावली, २०८१ को पहिलो संशोधन जानकारी तथा कार्यान्वयन सम्बन्धमा ।**

श्री उद्योग, कृषि तथा सहकारी मन्त्रालय, कोशी प्रदेश,विराटनगर ।
श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, मधेश प्रदेश, जनकपुरधाम ।
श्री कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय, बागमती प्रदेश, हेटौडा ।
श्री कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेश, पोखरा ।
श्री कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, लुम्बिनी प्रदेश, राप्ती उपत्यका (देउखुरी), दाङ ।
श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेत ।
श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, सुदुरपश्चिम प्रदेश, धनगढी ।

प्रस्तुत विषयमा नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णयानुसार बीउ बिजन नियमावली, २०८१ लाई संशोधन गर्न बीउ बिजन (पहिलो संशोधन) नियमावली, २०८३ स्वीकृत भई खण्ड ७६, संख्या २३, मिति २०८३/४/७ को नेपाल राजपत्र भाग ३ मा प्रकाशन समेत भइसकेको हुँदा बीउ बिजन नियमावली, २०८१ बमोजिम बीउ बिजन बिक्री वितरण अनुमतिपत्र नवीकरण र खारेजी तथा औपचारिक रुपमा आयात गरिएका श्रोत बीउको स्तर सम्बन्धमा सम्बन्धमा देहाय बमोजिम गर्नु गराउनुहुन अनुरोध गर्दछु । साथै, नेपाल सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत बीउ बिजन (पहिलो संशोधन) नियमावली, २०८३ समेत यसै पत्रसाथ संलग्न राखी पठाइएको व्यहोरा समेत अनुरोध गर्दछु ।

तपसिल

१. बीउ बिजन नियमावली, २०८१ बमोजिम कार्यालयबाट कुनै पनि व्यक्ती वा संस्थाको अनुमतिपत्र खारेज गरिएमा सोको जानकारी अनिवार्य रुपमा केन्द्रलाई उपलब्ध गराउने ।
२. बीउ बिजन नियमावली, २०८१ को नियम १८ को उपनियम (१) को खण्ड (क) र (ग) बाहेकको अवस्थामा बीउ बिजन बिक्री वितरण अनुमतित्र नवीकरण नगराएको कारण खारेज भएमा सम्बन्धित व्यक्ती वा संस्थाले नियमावलीको नियम १६ बमोजिम पुन: तालिम लिई तालिममा उत्तिर्ण भएमा पुन: अनुमतिपत्र लिन सक्ने । अनुमतिपत्र लिई नवीकरण नगराएको कारण अनुमतिपत्र खारेज भएका संस्थाहरुलाई पुन: अनुमतिपत्र उपलब्ध गराउन आवश्यक देखिएमा त्यस्ता संस्था र सम्बन्धित व्यक्तिको विवरण देहाय बमोजिमको ढाँचामा केन्द्रमा उपलब्ध गराउने ।

| क स | संस्था को नाम | अनुमतिपत्र नवीकरण नगराएको कारण अनुमतिपत्र खारेज गरिएको मिति | साविकको बीउ बिजन बिक्री वितरण अनुमतिपत्र नंम्बर | संस्थाको प्रकृति (समूह/सहकारी/ कम्पनी/एग्रोभेट/ अन्य | तालिम दिनुपर्ने संस्थाको आधिकारिक व्यक्तीको नाम, ठेगाना र सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय

# बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र

☎ ०१-५४२१३५९
📠 ०१-५४२६२७६
इमेल:sqccnepal@gmail.com
वेबसाइटः www.sqcc.gov.np
हरिहरभवन, ललितपुर।

३. नियमावलीको नियम १३ को उपनियम (१) को खण्ड (च) मा आयातित बीउ बिजनको स्तर सम्बन्धमा माथिल्लो स्तरको बीउ बिजन आयात गरी सोबाट नेपालमा नै बीउ बिजन उत्पादन गर्दन स्रोत बीउ बिजनको स्तर आयात गरिएको बीउ बिजनको स्तर सरह कायम हुने ।

सादर अवगतार्थ

श्रीमान् सचिवज्यू, कृषि, वन तथा पर्यावरण मन्त्रालय, सिंहदरबार
तथा अध्यक्ष, राष्ट्रिय बीउ बिजन समिति ।

बेनु प्रसाद गुसाई
प्रमुख (रा.प.प्र.प्र)

बोधार्थ

श्रीमान् महानिर्देशक/प्रमुख/निर्देशकज्यू, कृषि विकास निर्देशनालय, सबै (७)
श्रीमान् प्रमुखज्यू, बीउ बिजन प्रयोगशाला, महोत्तरी/सुनसरी/रुपन्देही/ बाँके/कञ्चनपुर।
श्रीमान् प्रमुखज्यू, प्रदेश बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र, हेटौंडा/पोखरा ।
श्रीमान् प्रमुखज्यू, एकीकृत कृषि प्रयोगशाला, सुर्खेत ।